नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# नेपालमा इन्जिनियरिंग कलेजहरुको स्थापना गर्दा स्वीकृति दिने सम्बन्धी कार्यविधि, २०७१

भाद्र, २०७१

## नेपाल इन्जिनियरिङ्ग कलेजहरुको स्थापना गर्दा स्वीकृति दिने सम्बन्धी कार्यविधि, २०७१

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका कार्यविधिहरु बनाएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यी कार्यविधिहरुको नाम "नेपाल इन्जिनियरिङ्ग कलेजहरुको स्थापना गर्दा स्वीकृति दिने सम्बन्धी कार्यविधि, २०७१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ लाई सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले नेपाल इन्जिनियरिङ्ग परिषद् नियमावली, २०५७ सम्झनु पर्छ ।

(ग) "विनियमावली" भन्नाले नेपालमा इन्जिनियरिङ्ग शिक्षण संस्थालाई मान्यता प्रदान गर्ने विनियमावली, २०६६ (चौथो संशोधन २०७० सहित) भनेर सम्झनु पर्दछ ।

(घ) "परिषद्" भन्नाले नेपालमा इन्जिनियरिङ्ग परिषद् सम्झनु पर्दछ ।

(ङ) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्झनु पर्दछ ।

(च) "कार्यविधि" भन्नाले नेपाल सरकारले नेपाल इन्जिनियरिङ्ग कलेजहरुको स्थापना गर्दा स्वीकृति दिईने सम्बन्धी कार्यविधि, २०७१ लाई सम्झनुपर्छ ।

## परिच्छेद - २

### स्वीकृति दिने सम्बन्धी कार्यविधि

३. परिषद्ले आवश्यक कागजात सहित सिफारिस पेश गर्नुपर्ने: परिषद्ले ऐन, नियमावली, विनियमावली बमोजिम आवश्यक निरीक्षण गरी मन्त्रालय समक्ष सिफारीश पेश गर्दा निरीक्षण प्रतिवेदन, मूल्याङ्कन प्रतिवेदन, मूल्याङ्कन Criteria का साथै न्युनतम सूचना जस्तै शिक्षण संस्था रहने स्थान को ठेगाना, भौतिक पूर्वाधारहरुको रंगीन तस्विरहरु र सो स्थानको रेफरेन्सको लागि GPS Coordinates समेत संलग्न गरी पेश गर्नु पर्नेछ ।

४. नेपाल सरकारले कागजात माग गर्न सक्नेः नेपाल इन्जिनियरिङ्ग कलेजहरुको स्थापना गर्दा नेपाल सरकारको स्वीकृति लिन परिषद्ले पेस गरेको कागजातहरु अपुग भएमा वा थप जानकारी लिनु आवश्यक परेमा मन्त्रालयले परिषद्संग पत्राचार गरी उक्त विवरण वा जानकारी माग गर्न सक्नेछ । माग गरिएको विषयको जानकारी / विवरण परिषद्ले यथासक्य चाँडो मन्त्रालयमा उपलव्ध गराउनु पर्नेछ ।

५. मन्त्रालयले स्वीकृति दिने: परिषद्ले मापदण्ड पुगेको छ भनी सिफारीश गरेका कलेजहरुलाई मन्त्रालयले स्वीकृति दिनुपर्नेछ ।

६. प्रचलित कानून बमोजिम हुनेः

(१) यो कार्यविधिमा लेखिए जति कुरामा यसै कार्यविधि बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यो कार्यविधिको संशोधन वा व्याख्या गर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।